नेपाल सरकार

# उद्योग मन्त्रालय

(औधोगिक प्रवर्द्धन महाशाखा)

सिंहदरबार, काठमाडौं ।

प.सं.: औ.प्र.०७४/७५
च.नं. 36

मिति:-२०७४/४/१८

विषय : - राय / धारणा सम्बन्धमा ।

श्री अर्थ मन्त्रालय,
सिंहदरवार, काठमाडौं ।

प्रस्तुत सम्बन्धमा महालक्ष्मी गार्मेन्ट्स इन्डष्ट्रिजले सम्माननीय प्रधानमन्त्रीज्युलाई सम्बोधन गरी च.न. ०८/७४/७५ मिति २०७४/०४/०६ मा दिनु भएको निवेदन प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयको च.न. १-०७४/७५/२३५, मिति २०७४/०४/१० को पत्र मार्फत यस मन्त्रालयलाई प्राप्त हुन् आएको छ । निवेदकले उल्लेख गर्नु भएका तपसिल बमोजिमका व्यहोरा र मागहरु राष्ट्रिय बाणिज्य बैकसंग सम्बन्धित देखिएको हुदाँ निवेदनको छायाँप्रति यसै साथ संलग्न राखी तहाँ मन्त्रालयवाट राष्ट्रिय बाणिज्य बैंकको राय / धारणा माग गरि दिनु हुन् नेपाल सरकार (सचिवस्तर) मिति २०७४/०४/१७ गतेको निर्णयानुसार अनुरोध गर्दछु ।

तपसिल:-

महालक्ष्मी गार्मेन्ट्स इन्डष्ट्रिजको निवेदनको व्यहोरा निम्न बमोजिम रहेको छ:-

१। रा.बा. बैंकबाट प्रदान गरिएको रु ३३००००००००/-(रु तेतिस करोड) को स्वीकृत सिमा अन्तर्गत नाफामा कारोवार चलिरहको अबस्थामा आ.व. ०५६/५७ मा रा.बा.बैंकले विना कुनै कारण अचानक लिमिट भित्रै (स्वीकृत सिमा भित्रै ) चलिरहेको कारोवार षड्यन्त्रपुर्वक बन्द गरेको,

२। उद्योगको कर्जा तिर्ने प्रतिबद्धता हुदा हुदै पनि दुरासययुक्त भावना राखी ऋण उठाउने नाममा रा.बा.बैंकले अनियमित रुपमा उद्योगको नाममा रहेको सम्पति लिलाम बिक्रि गरेको ,

३। श्री ब्यबस्थापिका संसद सार्वजनिक लेखा समितिवाट भएको आदेशको अबज्ञ गर्दै ऋण असुली न्याधिकरणले रा.बा. बैकको सहमतिमा लिलाम सम्बन्धि कार्यलाई आगाडी बढाएको,

फोन नं.: ४२११५७८, फ्याक्स नं.: ४२११६१८, इमेल: info@moi.gov.npm, वेवसाइट: www.moi.gov.np

नेपाल सरकार
# उद्योग मन्त्रालय
(औधोगिक प्रवर्द्धन महाशाखा)

सिंहदरबार, काठमाडौं ।

प.सं.: औ.प्र.०७४/७५

च.नं.

मिति:-२०७४/४/१८

४। गैरकानुनी लिलाम सम्बन्धि काम कारवाही बदर गराउनका लागि निवेदकले दायर गरेको मुद्दा हाल सर्बोच्च अदालतमा विचाराधीन अवस्थामा रहेको ।

प्रस्तुत सन्दर्भमा निवेदकले देहाय बमोजिमका मागहरु पेश गरेका छन् ।

१। नेपाल सरकारवाट निर्यातजन्य महालक्ष्मी गार्मेन्ट्स इन्डष्ट्रिज एवं उधोगीलाई तुरन्त कालो सुचिवाट हटाउनुपर्ने,

२। उद्योगको साविक बमोजिमको स्वीकृत सिमा भित्रको कारोवार सुचारु गर्नुपर्ने ।

३। उद्योगको सबै सम्पतिहरु पुनः साविक बमोजिम दाखिल गर्नुपर्ने,

४। उद्योगमाथि रहेको ऋण बैंक आफैले सृजना गरेकोले बैंक आफैले व्यहोर्नुपर्ने,

५। क्षतिपूर्ति वापत रा.बा. बैंकले उद्योगीलाई रु ५०० करोड (अक्षरेपी रु पाचसय करोड) भरपाई गर्नुपर्ने,

६। नेपाल सरकारवाट विशेष जाचबुझ समिति गठन गरि सम्बन्धित दोषीमाथि कारवाही गर्नुपर्ने,

०७४/४/१८

ओम प्रकाश महतो

शाखा अधिकृत

फोन नं.: ४२११५७८, फ्याक्स नं.: ४२११६१८, इमेलः info@moi.gov.npm, वेवसाइटः www.moi.gov.np